राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

प्रेस विज्ञप्ति

२०७४ माघ १९ गते

**प्रहरीको कुटाईका कारण घाइते भएका राज परियारको घटना सम्बन्धमा आयोगमा आकस्मिक छलफल, घाइतेको निशुल्क उपचारको व्यवस्था गर्न आयोगद्वारा नेपाल सरकारलाई आदेश**

काठमाण्डौं महानगरपालिका-१७ मा डेरा गरी बस्ने राज परियारलाई एकै घरमा डेरा गरी बस्ने निरु नेपालीसँग भएको झगडाको विषयलाई लिएर महानगरीय प्रहरी वृत्त सोह्रखुट्टेबाट खटिएका प्रहरीले मिति २०७४।१०।८ गते निजको डेराबाटै पक्राउ गरी कुटपीट गर्दा घाइते भएको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भई आयोगले घटनाको प्रारम्भिक अनुसन्धान गरेको छ ।

आयोगको प्रारम्भिक अनुसन्धानको क्रममा निजलाई प्रहरीले नियन्त्रणमा लिएर कुटपिट गरेका कारण घाइते भई राष्ट्रिय ट्रमा सेन्टरमा उपचार भैरहेको, निजको स्पाइनल इन्ज्युरी भै शरीरको कम्मरमुनीका भागहरू नचल्ने एवं निजको आर्थिक अवस्था कमजोर रहेको तथ्य प्राप्त भएको छ । यस सम्बन्धमा आजै आयोगमा आकस्मिक बैठक बसी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ९(५) र ११ (२) बमोजिम नेपाल सरकारलाई घाइते व्यक्तिको सम्पूर्ण उपचार खर्च नेपाल सरकारले व्यहोर्ने गरी व्यवस्था मिलाउन तथा सोको जानकारी आयोगलाई दिन आदेश सहित पत्राचार गरेको छ ।

मोहना अन्सारी
सदस्य/प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org